लागु औषध नियन्त्रण व्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ

प्रेस विज्ञप्ति- २२८

Press Release-228

मिति: २०७५।०६।१८ गते।

# नियन्त्रित मनोद्दिपक पदार्थ ५,१२५ एम्पूल सहित २ जना मानिस पक्राउ

मिति २०७५/०६/१८ गते लागू औषध नियन्त्रण व्यूरोबाट खटिएको प्रहरी टोलीले बिशेष सूचनाको आधारमा जिल्ला मोरङ, बिराटनगर महानगरपालीका वडा नं. १५ घर भई का.म.न.पा. वडा नं. २ बस्ने वर्ष ४५ को अरुण थापालाई नियन्त्रित मनोद्दिपक पदार्थ डाईजेपाम १७२५, फेनारगन १७२५ र बुप्रिनर्फिन १५२५ एम्पूल सहित काठमाण्डौ जिल्ला नागार्जुन न.पा वडा नं. २ बाट पक्राउ गरिएको र जिल्ला भोजपुर, षडानन्द न.पा. वडा नं. ११ घर भएका वर्ष २४ को अम्बर बहादुर राईलाई नियन्त्रित मनोद्दिपक पदार्थ डाईजेपाम ५०, फेनारगन ५० र बुप्रिनर्फिन ५० एम्पूल सहित का.म.न.पा वडा नं. १५ बाट पक्राउ गरिएको छ। निजहरूबाट **नियन्त्रित मनोद्दिपक पदार्थ जम्मा ५१२५ एम्पूल** बरामद भएको छ।

पक्राउ परेका अरूण थापा लामो समय देखि भारतबाट औषधीजन्य मनोद्दिपक पदार्थ काठमाण्डौ भित्राई यसको अवैध कारोवारमा सक्रिय मुख्य व्यक्ति रहेको र निज यस व्यूरोबाट मिति २०६३।०३।०१ गते ४४ ग्राम खैरो हेरोईन सहित पक्राउ परि १० वर्ष कैद र ८० हजार जरिवाना भई २०७३ साल माघमा महिनामा छुटेका व्यक्ति हुन।

निजहरू उपर थप आवश्यक अनुसन्धान यस व्यूरोबाट भईरहेको छ।

•••

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८, ईमेल : ncbnepal@gmail.com


नियन्त्रण ब्यूरो
Mahan
ABC
Mahan







